
# सुचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ तथा सुचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण स्वतः प्रकाशन **(Proactive disclosure)**

## (आ.व. २०८२ मा सम्पादित प्रमुख क्रियाकलापहरु)




गण्डकी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र, स्याग्दी

२०८२, साउन

# कृषि ज्ञान केन्द्र प्रमुखको भनाई

नेपालको संविधानको धारा २७ मा रहेको सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धीत सुचनाहरु अद्यावधिक राखुपर्ने र प्रत्येक ३/३ महिनामा सार्वजनिक गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ। सोही अनुरुप उक्त कानूनी व्यवस्थाको पालनाका लागि यस कृषि ज्ञान केन्द्र म्याग्दीले गरेका काम कारबाहीहरुको यथार्थ जानकारी आमनागरीकहरुमा होस भन्ने उद्देश्यका साथ यस कार्यालयबाट आ.व. २०८२ मा सम्पादन भएका कामको विवरण यहाँ प्रस्तुत गरिएको छ। यसबाट कृषि ज्ञान केन्द्र, म्याग्दीले उक्त अवधिमा सम्पादन गरेका क्रियाकलापहरुको सूचनाका बारेमा आमनागरिक तथा सरोकारवालाहरुको सहज पहुँच अभिवृद्धि हुनेछ। यस कार्यालयबाट उपलब्ध हुने सबै सेवा सुविधाहरु सबैजनतालाई सरल र सहज रुपमा पारदर्शी ढंगबाट उपलब्ध गराउने तथा उपलब्ध सेवाहरुको बारेमा आम सरोकारवाला व्यक्ति तथा निकायलाई सूचना प्रदान गर्न कृषि ज्ञान केन्द्र, म्याग्दीको सदैव प्रतिबद्धता रहेको छ।

सञ्जिव बास्तोला
प्रमुख
कृषिज्ञानकेन्द्र, म्याग्दी

# स्वतः प्रकाशन

नेपालको संविधानको धारा २७ मा रहेको सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धीत सुचनाहरु अद्यावधिक राखुपर्ने र प्रत्येक ३/३ महिनामा सार्वजनिक गर्नुपर्ने कानुनी व्यवस्था अनुरुप यस कृषि ज्ञान केन्द्र म्याग्दीले गरेका काम कारबाहीहरुको यथार्थ जानकारी आम नागरिकहरुमा होस भन्ने अभिप्रायका साथ यस कार्यालयबाट आ.व. २०८२ सम्पादन भएका कामको विवरण यहाँ प्रस्तुत गरिएको छ।

गंगा लामिछाने
कृषि प्रसार अधिकृत
सूचना अधिकारी
कृषि ज्ञान केन्द्र, म्याग्दी

# विषयसुची

१. कृषि ज्ञान केन्द्र म्याग्दीको स्वरुप र प्रकृति ........ 6
२. कृषि ज्ञान केन्द्र म्याग्दीको काम कर्तव्य र अधिकार ........ 6
३. कृषि ज्ञान केन्द्र म्याग्दीको संगठनात्मक संरचना ........ 8
४. दरबन्दी विवरण ........ 9
५. कर्मचारीहरूको कार्यविवरण ........ 9
५.१ कार्यालय प्रमुख (९/१० औं ) पदको कार्यविवरण ........ 9
५.२ योजना शाखा ........ 10
कृषि प्रसार अधिकृत (७/८ औं,) पदको कार्यविवरण ........ 10
प्राविधिक सहायक/अधिकृत (५/६ औं, कृषि प्रसार) पदको कार्यविवरण ........ 10
५.३ विशेषज्ञ सेवा शाखा ........ 10
बाली संरक्षण अधिकृत (७/८ औं, बाली संरक्षण) पदको कार्यविवरण ........ 10
प्राविधिक सहायक/अधिकृत (५/६ औं, वागवानी) पदको कार्यविवरण ........ 11
५.४ प्रशासन शाखा ........ 11
लेखापाल/अधिकृत (५/६ औं, लेखा) पदको कार्यविवरण ........ 11
सहायक /अधिकृत (५/६ औं, सामन्य प्रशासन/ प्रशासन ) पदको कार्यविवरण ........ 11
६. निकायबाट प्रदान गरिने सेवा ........ 12
७. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी ........ 15
८. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ........ 15
९. निर्णय गर्ने प्रक्रिया र अधिकारी ........ 16
१०. गुनासो सुनुवाई अधिकारी ........ 16
११. सम्पादन गरेको कामको विवरण ........ 16
१२. सुचना अधिकारी र प्रमुखको नाम र पद ........ 21

१३. ऐन, नियम, विनियम वा निर्देशिकाको सुची........................................................................................22

१४. आ.व २०८१/८२ मा विनियोजित बजेट........................................................................................22

१५. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण.....................................................23

कृषि ज्ञान केन्द्र, म्याग्दीको समग्र प्रगति विवरण........................................................................................24

कृषि ज्ञान केन्द्र, म्याग्दीको प्रगति सारांश........................................................................................24

१६. तोकिए बमोजिमको अन्य विवरण........................................................................................25

१७.सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, अनुदान, एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धीत विवरण........................................................................................25

१८. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण...........25

१९. सार्वजनिक निकायमा सूचनाहरु अन्यत्र प्रकाशन भएको भए सो को विवरण.......................................25

## सुचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ तथा सुचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम प्रकाशित

### १. कृषि ज्ञान केन्द्र म्याग्दीको स्वरुप र प्रकृति

साविक जिल्ला कृषि विकास कार्यालय म्याग्दीको रुपमा सेवा प्रदान गर्दै आएको यस कार्यालय आ.ब. २०७५/७६ बाट भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश अन्तर्गतको कृषि विकास निर्देशनालय अन्तर्गत रही कृषि ज्ञान केन्द्रको नाममा म्याग्दी र मुस्ताङ्ग जिल्लामा र २०७७/७८ बाट म्याग्दी जिल्लामा सेवा प्रदान गर्दै आएको छ ।

त्यसैले स्थानीय समस्यामा आधारित परिक्षण गर्ने, प्रयोगशाला सेवाहरु, प्राविधिक र कृषकहरुको क्षमता विकास, स्थानीय कृषिका निकायहरुलाई प्राविधिक पृष्ठपोषण बीउ विजन तथा उन्नत नक्ष्लको श्रोतकेन्द्र विकास, कृषि इन्टर्न, कृषि तथ्याङ्कहरु संकलन, कृषि व्यवसाय विकास सहयोग, किसान कल सेन्टर सन्चालन लगायत संघ र स्थानीय तह बिच सेतुको काम गर्ने जिम्मेवारी यस ज्ञान केन्द्रको रहेको छ ।कृषि विकास समबन्धी योजना तर्जूमा, विभिन्न रोग किराहरुको व्यवस्थापन, स्थान विशेषका हावापानी सुहाउँदो प्रविधि र जातहरु सम्बन्धमा कृषकहरुलाइ जानकारी लगायत माटोको अवस्था रोग किरा पहिचान रसायनिक र प्राङ्गारिक मल र बीउको गुणस्तर परीक्षण लगायतका प्राविधिक र प्रयोगशाला सेवा समेत उपलब्ध गराउनका लागि स्थानीय तहमा रहेका कृषि विकास शाखाहरु पर्याप्त हुदैनन । त्यस्ता शाखाहरुलाई आवश्यक प्राविधिक पृष्ठपोषण उपलब्ध गराउनुका साथै अन्तर स्थानीय निकायहरु समेतलाइ समेट्ने गरि बजार संरचनाहरु निर्माण परियोजनाहरु सन्चालनका लागि यस ज्ञान केन्द्रको भूमिका महत्वपूर्ण रहेको छ ।

### २. कृषि ज्ञान केन्द्र म्याग्दीको काम कर्तव्य र अधिकार

१. जिल्लाको कृषि तथ्याङ्क प्रोफाइल तयार तथा अद्यावधिक गर्ने ।

२. स्थानीय निकायमा कार्यरत कृषि प्राविधिकहरुलाई तालिम तथा क्षमता अभिवृद्धि गर्ने ।

३. व्यवसायीक किसान ,उद्यमी तथा कृषि फर्म संचालकको लागि तालिम तथा क्षमता अभिवृद्धि गर्ने ।

४. आधुनिक तथा उन्नत कृषि प्रविधिको प्रदर्शन,परीक्षण तथा सिफारिस गर्ने ।

५. माटो तथा मल, वीउ तथा वाली संरक्षण सम्बन्धी सामान्य प्रयोगशाला सेवा प्रदान गर्ने ।

६. संघिय कृषि विकास कार्यक्रम तथा आयोजनाको कार्यान्वयन तथा सम्पर्क विन्दुको रुपमा कार्य गर्ने ।

७. प्रादेशिक कृषि विकास कार्यक्रम तथा आयोजनाको कार्यान्वयन गर्ने ।

८. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कमाण्ड क्षेत्रभित्रका जोन र सुपरजोनको लागि प्राविधिक सेवा उपलब्ध गराउने ।

९. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कमाण्ड क्षेत्रभित्रका पकेट तथा ब्लकको कार्यक्रम संचालन तथा प्राविधिक सेवा उपलब्ध गराउने ।

१०. भौगोलिक विविधता अनुसारको प्राथमिकता प्राप्त बाली वस्तु विकासको योजना मूल्य अभिवृद्धि शृङ्खला विकास तथा कार्यान्वयनको समन्वय गर्ने ।

११. आर्थिक महत्त्वका स्थानिय कृषि विविधताको पहिचान, संरक्षण तथा उपयोग गर्ने ।

१२. विभिन्न बालीनालीका रोग किराहरुको पेष्ट म्याप तयार गर्ने ।

१३. विभिन्न बालीनाली तथा रोग किराहरुको संङ्कलन, पहिचान तथा संरक्षण गरी श्रृङ्गखलाको रुपमा विकास गर्ने ।

१४. स्थानीय बाली/रैथाने बाली/लोपोन्मुख तथा उपेक्षित बालीको जर्म प्लाजम सङ्कलन गरी Gene bank लाई उपलब्ध गराउने Genebank संग सहकार्य गर्ने ।

१५. स्थानीय तहका कृषि एकाइहरुबाट कृषि सम्बन्धी तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्ने साथै असिना, बाढी, पहिरो जस्ता दैवि प्रकोपको विवरण सङ्कलन गरी तथ्याङ्क प्रादेशिक तथा सङ्घिय तथा तालुक निकायहरुमा पठाउने ।

१६. बीउ, विषादी तथा मलखाद विक्रेताहरुको अनुमति, नवीकरण तथा अनुगमन गर्ने साथै तिनीहरुको क्षमता अभिवृद्धि गर्ने ।

१७. कमाण्ड क्षेत्रभित्र रहेका स्रोत केन्द्रहरु, फलफुल तथा तरकारीको नर्सरीहरुलाई प्राविधिक सेवा प्रदान गर्ने ।

१८. कमाण्ड क्षेत्र भित्र रहेका फलफूल तथा तरकारीको नर्सरीहरुको तालुक निकायको समन्वयमा प्राविधिक अनुगमन गरी प्राविधिक प्रतिवेदनका आधारमा निरोगिताको प्रमाणपत्र उपलब्ध गराउने ।

१९. निरोगिताको प्रमाणपत्र विना बीउ, बिरुवा, बेर्ना तथा अन्य रोपण सामाग्रीहरुको ओसारपसारमा तालुक निकायसंग समन्वय गरी रोक लगाउने ।

२०. व्यावसायिक फर्म, बिमा, कृषिजन्य उद्योगमा विद्युतीकरण, विषादी विक्रेता आदिको लागि सिफारिस प्रदान गर्ने ।

२१. कमाण्ड क्षेत्रभित्र कृषि उद्यम तथा व्यवसाय संचालन गर्न चाहानेहरुको लागि प्राविधिक तथा व्यवसायिक कार्य योजना तयार गर्न सहयोग गर्ने ।

२२. कृषक वर्गीकरणको लागि स्थानिय सरकारसंग समन्वय तथा सहजीकरण गर्ने ।
२३. कृषि स्नातक तथा JT/JTA कोर्ष अध्यनरत विद्यार्थीहरुको लागि इन्टर्नसिप कार्यक्रम संचालन गर्ने ।
२४. सङ्घिय एवम् प्रादेशिक कृषि सम्बन्धी ऐन, निती, नियम, नियमावली, निर्देशिका सम्बन्धी सरोकारवाला निकायहरुलाई सुसूचित गर्ने, गराउने ।
२५. स्थानिय तह अन्तर्गत नगरपालिका, गाउपालिका तथा वडाको विस्तृत स्थलगत सर्वेक्षण गरी भुगोल, हावापानी, महोडा, कृषि पर्यटन, माटोको अध्ययन गर्ने ।
२६. नेपाल कृषि अनुसन्धान परिषदसंग समन्वय गरी वाह्य अनुसन्धान स्थलको रुपमा कार्य गर्ने ।
२७. सङ्घिय तथा प्रदेश सरकारले तोकेका अन्य प्राविधिक कार्यहरु गर्ने ।
२८. समग्र कृषि विकासको सम्बन्धमा सङ्घ, प्रदेश र स्थानिय विच पुलको काम गर्ने ।
२९. यस अघि साविक जिल्ला कृषि विकास कार्यालयले प्रतिनिधित्व गर्ने जिल्लास्तरका समितिहरुमा सहभागिता जनाउने ।
३०. कृषि विकासमा टेवा पुर्‍याउने अन्य कामहरु गर्ने ।

## ३. कृषि ज्ञान केन्द्र म्याग्दीको संगठनात्मक संरचना

गण्डकी प्रदेश सरकार

कृषि भुमि व्यवस्था तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

**कृषि ज्ञान केन्द्र, म्याग्दी**

म्याग्दी, बेनी

**प्रमुख**
९ वा १० औं तह, कृषि/समुहकृत नहुने)-१

**विशेषज्ञ सेवा शाखा**
**वालि संरक्षण अधिकृत**
(७ वा ८ औ तह,कृषि/बाली संरक्षण)-१
**प्राविधिक सहायक**
(५/६ औं तह (कृषि/बागबानी)-१

**प्रशासन फाँट**
लेखापाल (५/६ औं तह, प्रशासन/लेखा)-१
खरिदार (४/५ औं तह प्रशासन/सा.प्र)-१
हल्का सवारी चालक श्रेणी विहिन-१
कार्यालय सहयोगी श्रेणी विहिन-२

**योजना शाखा**
**कृषि प्रसार अधिकृत**
( ७ वा ८ औं तह, कृषि/कृषि प्रसार)-१
**प्राविधिक सहायक**
(५/६ औं तह कृषि/कृषि प्रसार)-१

कुल दरवन्दी १०

## ४. दरबन्दी विवरण

| क्र.सं. | पद | तह | सेवा/समुह | स्वीकृत दरवन्दी | पदपूर्ति स्थायी | रिक्त पद | करार |
|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख | अधिकृतस्तर नवौं/दशौ | नेपाल कृषि / समुहकृत नहुने/ | १ | १ | ० | ० |
| २ | कृषि प्रसार अधिकृत | अधिकृतस्तर सातौं/आठौं | नेपाल कृषि /कृषि प्रसार | १ | १ | ० | ० |
| ३ | बाली संरक्षण अधिकृत | अधिकृतस्तर सातौं/आठौं | नेपाल कृषि/बाली संरक्षण | १ | १ | ० | ० |
| ४ | प्राविधिक सहायक (कृषि प्रसार) | पाचौं/छैठौं | नेपाल कृषि/कृषि प्रसार | १ | ० | १ | ० |
| ५ | प्राविधिक सहायक (बागबानि) | पाचौं/छैठौं | नेपाल कृषि / बागवानी | १ | १ | ० | ० |
| ६ | सहायक/अधिकृत | पाचौं/छैठौं | प्रशासन/लेखा | १ | १ | ० | ० |
| ७ | सहायक/अधिकृत | चौथो/पाचौं | प्रशासन/सामान्य प्रशासन | १ | १ | ० | ० |
| ८ | ह.स.चा. | श्रेणी विहिन | | १ | ० | १ | १ |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन/सामान्य प्रशासन | २ | ० | २ | २ |
| | **जम्मा** | | | १० | ६ | ४ | ३ |

## ५. कर्मचारीहरूको कार्यविवरण

### ५.१ कार्यालय प्रमुख (९/१० औं ) पदको कार्यविवरण

- स्वीकृतकार्यक्रमहरु सम्पादन गर्न कर्मचारीहरुको कार्य जिम्मेवारी तोक्ने
- प्रचलित नियम बमोजिम प्रशासन, जिन्सी व्यवस्थापन, तथा बेरुजुसम्बन्धि कार्य गर्ने गराउने
- सम्पादन हुने कार्य तथा सेवा प्रवाहलाइ प्रभावकारी बनाउन आवश्यकताअनुसार नियमन सुपरिवेक्षण अनुगमन,मुल्याङ्कन गर्ने गराउने
- कार्यालयबाट प्रदान गरिएको सेवा उपर प्राप्त हुन आउने गुनासो हरुकोव्यवस्थापन गर्ने
- कार्यरत कर्मचारीहरुको वार्षिक कार्य सम्पादन मुल्याङ्न गर्ने

- सुशासन भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित कार्यहरु गर्ने गराउने

## ५.२ योजना शाखा

**कृषि प्रसार अधिकृत (७/८ औं,) पदको कार्यविवरण**

- जिल्लाकोकृषि तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने
- मासिक,त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरि समयमानैतालुक निकायमा पठाउने
- कार्यक्रमहरुको वार्षिक कार्ययोजना तयार गर्ने
- वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनमा स्थानीय तहसँग समन्वयगर्ने
- प्रदेश अन्तर्गत संचालन हुने संघीय कृषि विकास कार्यक्रमहरुकोसम्पर्क विन्दुको रुपमा काम गर्ने
- अनुगमन मुल्याङ्कनका सुचक तयार गरि सुचकका आधारमा कार्यक्रमहरुकोअनुगमन मुल्याङ्कन गर्ने
- कार्यालय प्रमुख ले तोके बमोजिमका शाखासँग सम्बन्धि तथा अन्य दैनिककार्यहरु

**प्राविधिक सहायक/अधिकृत (५/६ औं, कृषि प्रसार) पदको कार्यविवरण**

- बार्षिक कार्यक्रम तर्जूमा तथा प्रगति कम्पाईल तथा  तयारी गर्न योजना हेर्ने अधिकृतलाई सहयोग गर्ने
- कृषि सम्बन्धी तथ्यांक संकलन, अध्यावधिक तथा प्रोफाईल तयार गर्न योजना हेर्ने अधिकृतलाई सहयोग गर्ने
- विभिन्न वाली बस्तुको लाभ लागत तथा आर्थिक विश्लेषण सम्बन्धि कार्यहरू सम्पादन गर्न योजना हेर्ने अधिकृतलाई सहयोग गर्ने
- कृषि उपजको पाक्षिक तथा मासिक थोक मूल्य संकलन गर्ने
- बाली कटानी गरी विभिन्न बालीको उत्पादकत्व सम्बन्धि तथ्यांक तयार गर्न सहयोग पुर्याउने
- कृषि उपज बजार पूर्वाधार प्रवर्धन सम्बन्धि कार्य सम्पादन तर्न सहयोग पुर्याउने
- कृषि विमा प्रवर्धन सम्बन्धि कार्यहरू सम्पादन गर्ने
- कृषि सम्बन्धि फार्म तथा उद्योगमा विद्युत सहज रूपमा पुर्याउन समन्वय गर्ने
- कार्यालय प्रमुख ले तोके बमोजिमका शाखासँग सम्बन्धि तथा अन्य दैनिककार्यहरु

## ५.३ विशेषज्ञ सेवा शाखा

**बाली संरक्षण अधिकृत (७/८ औं, बाली संरक्षण) पदको कार्यविवरण**

- प्रयोगशालासेवा संचालन गर्ने
- विभिन्न बालीका स्थलगत तालिम तथा प्रविधि प्रदर्शनी कार्यक्रमसंचालन गर्ने
- कार्यालयमा आउने रोग कीराको समस्या समाधान मा सहजिकरण गर्ने
- स्थानीय तहमा कृषि शिविरहरु संचालन गर्ने
- आवश्यकता अनुसार अभियानमूलक बाली संरक्षण आकस्मिक बाली संरक्षणकार्यक्रमहरु संचालन गर्ने

- सुचकका आधारमा अनुदानका कार्यक्रमहरुको अनुगमन मुल्याङ्कन गर्ने
- कार्यालय प्रमुख ले तोके बमोजिमका शाखासँग सम्बन्धि तथा अन्य दैनिककार्यहरु

**प्राविधिक सहायक/अधिकृत (५/६ औं, वागवानी) पदको कार्यविवरण**

- तरकारी र फलफूल बालीका आधुनिक तथा उन्नत कृषि प्रविधिको प्रदर्शन कार्यक्रम सञ्चालनमा सहयोग गर्ने
- तरकारी र फलफूल बालीको उत्पादन, उत्पादकत्व र व्यवसायि प्रवर्धन सम्बन्धि कार्यक्रमहरू सञ्चालनमा सहयोग गर्ने
- बिउ बिक्रेताहरूको अनुमति र नवीकरण सम्बन्धि कार्य सम्पादन गर्ने
- तरकारी, फलफूल र नगदे बाली खेति सम्बन्धि प्राविधिक सेवा उपलब्ध गराउने
- फलफूल तथा तरकारीखा नर्सरीको स्थापना तथा सुदृढीकरण सम्बन्धि कार्यक्रम सञ्चालन गरी जिल्लालाई आवश्यक विरूवा तथा वेर्नाको व्यवसायिक उत्पादन प्रवर्धन सम्बन्धि कार्य गर्ने
- व्यवसायिक कीट विकास केन्द्रसँग समन्वय गरी च्याउ खेति, रेशम उत्पादन र मौरीपालन प्रवर्धन सम्बन्धि कार्यहरू सञ्चालन गर्ने
- ब्यवसायिक किसान, उद्यमी तथा कृषि फर्म संचालकको लागि तालिम तथा क्षमता अभिबृद्धि सम्बन्धि कार्यक्रमको संयोजन गर्ने

## ५.४ प्रशासन शाखा

**लेखापाल/अधिकृत (५/६ औं, लेखा) पदको कार्यविवरण**

- विनियोजित बजेट अन्तर्गत निकासा सम्बन्धी कार्य गर्ने
- निकासा भएको रकमको खर्चको हिसापकिताब राख्रे रश्रेस्ता व्यवस्थापन गर्ने
- राजस्व तथा धरौटीवापतको प्राप्त हुन आउने रकम कोअभिलेख राख्रे
- हिसाबको लागि आवश्यक मास्केवारी र खर्चको फाँटवारीनियमित रुपमा तयार र सम्बन्धित निकायमा समयमानै पठाउने
- महालेखापरिक्षकको कार्यालयबाट औंल्याईएका वेरूजु तथा पेश्की फर्छ्यौट सम्बन्धी कार्य गर्ने,
- आन्तरिक तथा अन्तिम लेखापरीक्षण सम्बन्धी कार्य गर्ने,

**सहायक /अधिकृत (५/६ औं, सामन्य प्रशासन/ प्रशासन ) पदको कार्यविवरण**

- कार्यालयका कर्मचारीहरूको विदा, काज, सरूवा, लगायतका प्रशासनिक कार्यहरू सम्पादन गर्ने निर्णयका लागि राय साथ पेश गर्ने,
- कार्यालयमा प्राप्त  चिठी पत्र दर्ता गरि शाखा प्रमुख समक्ष पेश गर्ने, शाखाबाट बाहिर जाने चिठी पत्र चलानी गरि समयमानै पुग्ने व्यवस्था मिलाउने

- कार्यालय निरिक्षण, पाले-पहरा, सरसफाई, विद्युत, खानेपानी, सवारी साधनको व्यवस्था आदि कार्यहरू गर्ने गराउने,
- कार्यालयका कर्मचारीहरूको कार्यसम्पादन मुल्यांकन सम्बन्धि सम्पूर्ण काम सम्पन्न गर्न संयोजन गर्ने,
- कार्यालय प्रमुखलाई सामान्य प्रशासन सम्बन्धि कार्यको निर्णयमा राय प्रतिकृया दिने सम्बन्धी कार्य गर्ने,
- कार्यालयको जिन्सी तथा पुँजिगत सम्पतिको अभिलेख, संरक्षण, सम्बर्धन र सदुपयोग सम्बन्धि कार्यहरू सम्पादन गर्ने
- कार्यालय बाट खरिद गरिएका समाग्रीहरुको PAMS मा प्रविष्ट गर्ने

## ६. निकायबाट प्रदान गरिने सेवा

यस कार्यालयबाट प्रदान गरिने सेवाहरु कार्यालयको नागरिक बडापत्रमा उल्लेख भए बमोजिम रहेका छन् ।

### कृषि ज्ञान केन्द्र म्याग्दीको नागरिक बडापत्र

| क्र.स | प्रदान गरिने सेवाको विवरण | सेवा प्राप्त गर्ने तरिका/ सेवाग्राहीले पेश गर्नुपर्ने आवश्यक कागजात | दस्तुर | समय | सेवा प्रदान गर्ने जिम्मेवार शाखा | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| क. १. | **दर्ता तथा नविकरण**<br>विउ उत्पादन विक्रेता दर्ता तथा नविकरण | निर्दिष्ट फर्मेट, रु.१० को टिकट सहित निवेदन, नागरिकता र तालिम प्राप्त प्रमाणपत्रको प्रतिलिपि, | नयाँ रु.५००/- नविकरण रु.२००/- | ६ दिन | बाली संरक्षण अधिकृत, विशेषज्ञ सेवा शाखा | प्रमुख, कृषि ज्ञान केन्द्र |
| २. | ब्लक संचालक समिति | निर्णय प्रतिलिपि, रु.१० को टिकट सहित निवेदन र प्रस्तावना | निशुल्क | सोही दिन | कृषि प्रसार अधिकृत, योजना शाखा | प्रमुख, कृषि ज्ञान केन्द्र |
| ख. १. | **सिफारिस**<br>कृषि फर्म दर्ता सिफारिस | कार्ययोजना, नागरिकताको प्रतिलिपि, रु.१० को टिकट सहित निवेदन, जग्गाको लालपुर्जाको प्रतिलिपि, चारकिल्ला मन्जुरिनामा पत्र प्रतिलिपि | निशुल्क | सोही दिन | कृषि प्रसार अधिकृत, योजना शाखा | प्रमुख, कृषि ज्ञान केन्द्र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | विषादी विक्रेता दर्ता तथा नविकरण सिफारिस | निर्दिष्ट फर्मेट, रु.१० को टिकट सहित निवेदन, नागरिकता र प्रमाणपत्रको प्रतिलिपि, | नयाँ रु. ५००/- नविकरण रु.२००/- | सोही दिन | वाली संरक्षण अधिकृत, विशेषज्ञ सेवा शाखा | प्रमुख, कृषि ज्ञान केन्द्र |
| ३. | कृषि विमा सिफारिस | निर्दिष्ट फर्मेट, रु.१० को टिकट सहित निवेदन, नागरिकता र तालिम प्राप्त प्रमाणपत्रको प्रतिलिपि, | निशुल्क | सोही दिन, स्थलगत निरिक्षण गर्नुपर्ने भएमा ६ कार्यदिन | कृषि प्रसार अधिकृत, योजना शाखा | प्रमुख, कृषि ज्ञान केन्द्र |
| ४. | मुख्यमन्त्री जलवायु मैत्री नमुना कृषि गाउँ कार्यक्रम | निर्णय प्रतिलिपि, रु.१० को टिकट सहित निवेदन र प्रस्तावना | निशुल्क | सोही दिन | वाली संरक्षण अधिकृत, विशेषज्ञ सेवा शाखा | प्रमुख, कृषि ज्ञान केन्द्र |
| ग.<br>१. | अनुदान प्रवाह कार्यक्रम<br>निवेदन दर्ता | पुर्ण रुपमा भरिएको निर्दिष्ट फाराम, सम्बन्धित स्थानिय तह/वडाको सिफारिस,रु.१० को टिकट सहित निवेदन फर्म/समुह/सहकारी आदी प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, समुह/ सहकारीको बैठक निर्णय प्रतिलिपि, कृषक वर्गिकरण परिचय पत्र प्रतिलिपि, कार्यविधिले माग गरे बमोजिम अन्य कागजातहरु | कार्यविधिले तोके बमोजीम | कार्यालयको कार्ययोजना बमोजिम | योजना शाखा/ विशेषज्ञ सेवा शाखा/ प्रशासन फाँट | प्रमुख, कृषि ज्ञान केन्द्र |
| २ | आयोजना सम्झौता | छनौट भएको हुनुपर्ने, समुह/सहकारीको बैठक निर्णय प्रतिलिपि | निशुल्क | कार्यालयको कार्ययोजना बमोजिम | योजना शाखा/ विशेषज्ञ सेवा शाखा/ प्रशासन फाँट | प्रमुख, कृषि ज्ञान केन्द्र |
| ३ | आयोजना पेस्की | लागत इस्टिमेट तथा सम्झौताका लागि निवेदन पेस्की निवेदन, समुह /सहकारी फर्मको निर्णय प्रतिलिपी,सम्बन्धीत प्राविधिकको सिफारिस ,लागत इस्टिमेट तथा | निशुल्क | सोहि दिन | योजना शाखा/ विशेषज्ञ सेवा शाखा/ प्रशासन फाँट | प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | आयोजना सम्झौता | | | | |
| ४ | अनुदान भुक्तानी | सम्पुर्ण बिल भरपाई,सार्वजनिक लेखा परिक्षण तथा सुनुवाइ प्रतिलिपि ,कार्य सम्पन्न तस्बीरहरु,स्थानिय तहको सिफारिस ,बैंक खाता कृषि ज्ञान केन्द्रका प्राविधिकहरुको अनुगमन रिपोर्ट कार्य सम्पन्न प्रतिवेदन भुक्तानीका लागि निवेदन | निशुल्क | सोहि दिन | योजना शाखा/ विशेषज्ञ सेवा शाखा/ प्रशासन फाँट | प्रमुख |
| घ. | कृषि सम्बन्धी तालिम/गोष्ठी/भमण तथा प्रदर्शन कार्यक्रम | आवश्यक पर्ने तालिमको विवरण खुलाइ रु २० को टिकट सहित निवेदन | निशुल्क | | कृषि प्रसार अधिकृत योजना शाखा | प्रमुख |
| ङ. | बाली उपचार शिविर प्रशासनिक बाली संरक्षण सेवा कार्यक्रम | | निशुल्क | | बाली संरक्षण अधिकृत विशेषज्ञ सेवा शाखा | प्रमुख |
| १. | निवेदन दर्ता | सम्बन्धीत निकाय तह/ वडाको सिफारिस रु २० को टिकट सहित निवेदन | | | विशेषज्ञ सेवा शाखा/योजना शाखा | प्रमुख |
| २. | कार्यक्रम संञ्चालन | कार्यालयले फिल्डमा गई संञ्चालन गर्ने | | | | |
| च. | प्राविधिक सेवा | टेलिफोन ,पत्राचार कार्यलयमा सम्पर्क फेसबुक, वेवसाइट ,नमुना परिक्षण | | | | प्रमुख |
| छ. | कृषि तथ्याङ्क संकलन क्रप कपिङ्ग तथा चौमासीक र वार्षिक प्रगति पुस्तिका प्रकाशन | | | | कृषि प्रसार अधिकृत योजना शाखा | प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ज. | आर्थिक कारोबार सम्बन्धी | कार्यालयको कार्ययोजना अनुसार | प्रचलीत आर्थिक ऐन नियम बमोजिम तुरुन्तै | | प्रशासन फाँट (लेखा) | प्रमुख |
| झ. | दर्ता/ चलानी तथा अन्य प्रशासनीककार्य | | | | प्रशासन शाखा | प्रमुख |

## ७. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| शाखा | कर्मचारीको नाम थर | पद/तह | मोवाईल नं | कोठा नं |
|---|---|---|---|---|
| प्रमुख | श्री सञ्जीव बाँस्तोला | कार्यालय प्रमुख (अधिकृत स्तर नवौं) | ९८५७६२२१४४ | १ |
| योजना शाखा | श्री गंगा लामिछाने | कृषि प्रसार अधिकृत (अधिकृतस्तर सातौं) | ९८५७६२१६३० | २ ख |
| | श्री राजेन्द्र पाण्डे | प्रा.स.(पाचौं)- कृषि प्रसार | ९८४९८९५२३९ | ३ |
| विशेषज्ञ सेवा शाखा | श्रीप्रकाश पुन | बाली संरक्षण अधिकृत (अधिकृतस्तर सातौ) | ९८४७७५२६४९ | २ क |
| | श्री गणेश बाँनिया | प्रा.स.(पाचौं)-बागबानी | ९८४५७२१३०७ | ३ |
| प्रशासन शाखा | श्री सागर पौडेल | लेखापाल (पाचौं) | ९८४६७८११६३ | |
| | श्री बिष्णु प्रसाद पौडेल | अधिकृत छैटौं | ९८५७६५७८१० | ५ |
| | | | | |
| | श्री सिता रेग्मी रिजाल | कार्यालय सहयोगी | ९८६४३९५९५५ | |
| | श्री तुल बहादुर घर्ती मगर | कार्यालय सहयोगी | ९८६१८९४५७६ | |
| | श्री लक्ष्मण रानाभाट | हलुका सवारी चालक | ९८४०४४८०७० | |

## ८. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

नागरिक बडापत्रमा उल्लेख भए बमोजिम हुने ।

## ९. निर्णय गर्ने प्रक्रिया र अधिकारी

कार्यालय प्रमुखले तोकेको सिनियर अधिकृतको संयोजकत्वमा अनुगमन समिति गठन हुने ।

- प्रस्तावना आव्हान
- प्रस्तावना संकलन
- फिल्ड भेरिफिकेसन

वार्षिक स्विकृत बजेट तथा कार्यक्रम संख्याको परिधिभित्र रहि अनुगमन समितिले छनौट गरेका कृषक, कृषि फर्म, कृषक समुह तथा सहकारीलाई कार्यालय प्रमुखको अध्यक्षतामा बसेको बैठकले सदर गरी छनौट भएका कृषकहरुको विवरण कार्यालयको सुचना पाटि तथा वेबसाईटमा राख्ने।

- कृषकसंग सम्झौता
- कृषकको फिल्ड भेरिफिकेसन (कार्यालयका कर्मचारीद्धारा)
- कृषकको खातामा भुक्तानी

## १०. गुनासो सुनुवाई अधिकारी

श्री प्रकाश पुन: बाली संरक्षण अधिकृत (अधिकृतस्तर सातौं)

## ११. सम्पादन गरेको कामको विवरण

- विभिन्न निकायबाट विविध विषयमा सिफारिसका लागि अनुरोध भई आएका पत्र सम्बन्धित मन्त्रालय/निकायमा सिफारिस गरी पठाइएको।
- विनियोजन राजश्व तथा खर्चको लेखाङ्कन गरेको।
- आ.ले.प, म.ले.प गराइको र बेरूजु फछ्यौंटको काम कारबाही सुरू गरेको
- **स्थानिय तहका प्राविधिकहरूसँग समन्वयात्मक बैठक** :कार्यक्रमलाई कसरी प्रभावकारी बनाएर लैजाने भन्ने वारेमा छलफल भई मार्गनिर्देशन अनुसार काम गर्न सजिलो भएको
- **रासायनिक मलको कोटा निर्धारण बैठक** : प्रदेश मल वितरण व्यवस्थापन समितिबाट म्याग्दी जिल्लालाई प्राप्त रासायनिक मलको स्थानीय तहगत कोटा निर्धारण गरिएको
- कृषि विकास निर्देशनालय तथा अन्य निकायहरुबाट माग गरिएका कृषि तथ्याङ्क तथा सुचनाहरु प्रदान गर्ने काम भएको
- विभिन्न बालीसुन्तला, आलु, तोरीको उत्पादन मापनका लागि बाली कटानी गरिएको आलु बालीमा बाली विशेष स्थलगत तालिम कार्यक्रम संचालन भएको

- कार्यालयमा विभिन्न कृषि सम्बन्धी समस्या लिएर आउने किसानहरुलाई उचित प्राविधिक सरसल्लाह तथा परामर्श दिने काम भएको
- स्थानीय तहमा ३ वटा माटो परिक्षण शिविरबाट २४० वटा माटोको नमुना परिक्षण गरि आवश्यक सिफारिस गरिएको,
- फलफूलबाली तर्फ ८ वटा, तरकारी बाली तर्फ ५ वटा, आलु बाली तर्फ ६ वटा र खाद्यान्न बाली तर्फ ४ वटा तालिम संचालन भइ जम्मा ५६९ जना कृषक लाभान्वित भएको,
- विभिन्न आलुको जातको प्रयोग गरि जातीय साथै उत्पादन प्रदर्शनी गरिएको ।
- 26 वटा कृषक समुह र ४ वटा कृषि सहकारी (करिव ८०० घरधुरी) मार्फत हिउदे आलु र वर्षे आलु गरी १२५० रोपनी खेति गरि करिव ११७० मे टन उत्पादन भएको
- ४० वटा कृषि फर्म मार्फत ४०० रोपनी क्षेत्रफलको सुन्तला बगैचामा मलखाद, सिचाइ, औजार तथा यान्त्रिकरण सहयोग गरि बगैचा सुदृढिकरण गरिएको,

**<u>सूचना प्रकाशन, आवेदन संख्या, सम्झौता तथा भुक्तानी विवरण</u>**

| | कार्यक्रमको नाम | विनियोजित बजेट | लक्ष्य (हे/पटक) | प्राप्त आवेदन संख्या | सम्झौता गरिएको | | सम्पन्न विवरण | | भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आवेदन संख्या | कुल क्षेत्रफल | आवेदन संख्या | कुल क्षेत्रफल | |
| १ | सामुदायस्तरमा प्रशोधन/खायन आलु प्रवर्द्धन आयोजना | १२१०० | ६० हे. खायन १० हे. वीउ | ३९ | ३० | ७० हेक्टर | २७ | ५६ हे. खायन ७ हे. वीउ | १००९४.५२ |
| २ | सुन्तलाजात फलफूल वगैंचा स्थापना तथा विस्तार कार्यक्रम | ३०० | २ हे. | २६ | ७ | २ हे. | ७ | २ हे. | २८८.८ |
| ३ | सुन्तलाजात फलफूल वगैंचा सुदृढिकरण कार्यक्रम | ३००० | २० हे. | ४८ | ३७ | २० हे. | ३६ | १८.५हे | २२८८.३ |
| ४ | मसला तथा निर्यातयोग्य बाली उत्पादन, प्रशोधन तथा बजारीकरण सहयोग कार्यक्रम | ६०० | ३ पटक | ८ | ३ | १.५हे. | ३ | १.५हे. | ५९८.२ |
| ५ | खाद्यान्नबाली उत्पादन प्रवर्धन कार्यक्रम | १००० | १० हे. | ७ | २ | १० हेक्टर | २ | १० हेक्टर | ९९२.७ |
| ६ | व्यवसायिक तरकारी खेती सहयोग कार्यक्रम | १००० | १ पटक | ३७ | १८ | | १७ | | ८६६.४ |
| ७ | फलफल बगैंचा व्यवस्थापन तथा सुदृढीकरण सहयोग कार्यक्रम | ९०० | १५ हे. | ३३ | १९ | १५ हे. | १९ | १४.७ हे | ६६३.३ |
| ८ | फलफूल बगैंचा स्थापना तथा विस्तार कार्यक्रम | ७५० | ५ हे. | २२ | १८ | ५ हे. | १७ | ४.५ हे. | ७२०.९ |
| ९ | रैथानेबालीको प्रशोधन तथा बजारीकरण प्रवर्धन कार्यक्रम | १००० | ५ पटक | ७ | ४ | | ४ | | ७६१.१ |
| १० | रैथानेबाली उत्पादन प्रवर्धन कार्यक्रम | ११०० | ११ हे. | २० | ६ | ११ हे. | ६ | ९.३५हे | ९२८.९ |
| ११ | मकै बीउ उत्पादन तथा मकै बाली प्रबर्दन आयोजना | २१८० | १ पटक | ११ | ९ | | ९ | | ३९८.५ |

## कार्यक्रमका लाभग्राही विवरण

| क्र.सं. | विवरण | लैंगिक सहभागिता | | | जातजाति सहभागिता | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | दलित | जनजाति | अन्य | जम्मा |
| १ | समुदायस्तरमा प्रशोधन/खायन आलु प्रवर्द्धन आयोजना | ४१० | ३९० | ८०० | ११३ | ३५१ | ३३६ | ८०० |
| २ | सुन्तलाजात फलफूल विकास आयोजना | १३ | ६९ | ८२ | १ | ५५ | २६ | ८२ |
| ३ | तरकारी बाली प्रवर्द्धन आयोजना | ५ | १२ | १७ | १ | ८ | ८ | १७ |
| ४ | खाद्यान्न बाली प्रवर्द्धन आयोजना | ४० | ४० | ८० | १० | ७० | ० | ८० |
| ५ | फलफूलबाली विकास आयोजना | १४ | ५२ | ६६ | १ | ५१ | १४ | ६६ |
| ६ | मसला तथा निर्यातयोग्य बाली प्रवर्द्धन आयोजना | २ | १ | ३ | ० | १ | २ | ३ |
| ७ | रैथाने बाली प्रवर्द्धन आयोजना | ६० | १०४ | १६४ | १६ | ६२ | ८६ | १६४ |
| ८ | जलबायुमैत्री प्रविधि प्रवर्द्धन कार्यक्रम | २२ | ८ | ३० | २ | ५ | २३ | ३० |
| ९ | पोषण सुरक्षा कार्यक्रम | ८१ | ४३ | १२४ | २० | ८७ | १७ | १२४ |
| १० | मकै बीउ उत्पादन तथा मकै बाली प्रबर्दन आयोजना | २० | १५ | ३५ | २ | ५ | २८ | ३५ |
| जम्मा | | ६६७ | ७३४ | १४०१ | १६६ | ६९५ | ५४० | १४०१ |

## तालिम/गोष्ठीका सहभागी विवरण

| विभिन्न कार्यक्रमहरूमा सहभागी भएका सहभागीका विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | लैंगिक सहभागिता | | | जातजाति सहभागिता | | | | कैफियत |
| | | महिला | पुरुष | जम्मा | दलित | जनजाति | अन्य | जम्मा | |
| १ | स्थलगत तालिम (फलफूल, खाद्यान्न, तरकारी, सुन्तला, तरकारी) | ३४६ | २२३ | ५६९ | ७७ | २१९ | २७३ | ५६९ | |
| २ | स्थानिय स्तरमा कार्यरत प्रा.स./ना.प्रा.स. हरूको क्षमता अभिबृद्धि तालिम | १८ | २१ | ३९ | ० | ९ | ३० | ३९ | |
| ३ | जिल्ला स्तरिय प्रगती समिक्षा तथा योजना तर्जुमा गोष्ठी | १३ | ३२ | ४५ | ३ | ११ | ३१ | ४५ | |
| ४ | स्थानीय तहका पदाधिकारी/कृषि प्राविधिकसँग समन्वयात्मक कार्यक्रम | २७ | ५८ | ८५ | १ | १२ | ७२ | ८५ | |
| ५ | स्थानीय तहमा कृषि शिविर संचालन | ५९ | १५१ | २१० | ६ | ८१ | १३५ | २१० | |
| ६ | आइ पि एम कृषक पाठशाला संचालन | ३८ | १२ | ५१ | ८ | ५ | ३८ | ५१ | |
| जम्मा | | ५०१ | ४९७ | ९९९ | ९५ | ३३७ | ५७९ | ९९९ | |

## उन्नत प्रविधि प्रदर्शन विवरण

| क्र.स. | उन्नत प्रविधिको नाम | स्थान | नतिजा (Result) | कैफियत |
|---|---|---|---|---|
| १ | प्रशोधनयोग्य आलुको Varietal trail- Innovator and Sagitta | बेनि-४, सिंगा | Innovator को ३० मे/हे. र Sagitta को ३५ मे/हे. उत्पादकत्व आएको | |
| २ | मौरीपालन (२) | कृषि ज्ञान केन्द्र, म्याग्दी | गोला सहितको आधुनिक मौरी घारद्वारा मह उत्पादन गरिएको | |
| ३ | प्लास्टिक टनेल निर्माण (२) | बेनी-, म्याग्दी | २ वटा बासको प्लास्टिक टनेल निर्माण गरिएको | |
| ४ | प्लास्टिक मल्चिंग र थोपा सिंचाई प्रयोग गरि तरकारी उत्पादन | कृषि ज्ञान केन्द्र, म्याग्दी | कम झारपात आएको, चिस्यानको मात्रा सन्तुलन भएको, खाद्यतत्वको उचित व्यवस्थापन भएको र रोगकिरा व्यवस्थापन भएर र सिंचाई सुविधाले गर्दा उत्पादनमा बृद्दी भएको | |

## प्रगति अपुगका कारणहरू

| क्र.सं. | कार्यक्रमको नाम | स्वीकृत लक्ष्य परिमाण | प्रगति परिमाण | प्रगति नभएको परिमाण | प्रगति नपुगका कारण |
|---|---|---|---|---|---|
| १. | मकै बीउ उत्पादन तथा मकै बाली प्रबर्दन आयोजना | | | | |
| १.१. | क्षमता अभिवृद्धि कार्यक्रम (कृषक समूह, सहकारी, वीउ व्यवसायी) | १ | ० | १ | नयाँ कृषक समूह, सहकारी, वीउ व्यवसायीको आवेदन नपरेको |
| १.२. | बिज बृद्दी कार्यक्रम | १० | ० | १० | |
| १.३ | अनुगमन निरिक्षण | १ | ० | १ | |
| २ | बाली विमाको विमा शुल्कमा अनुदान | २ | ० | २ | कार्यविधि परिवर्तन भएकोले |
| ३ | बाली बीमा सम्बन्धी सचेतनामुलक अभिमुखीकरण गोष्ठी | १ | ० | ० | |

## बाली कटानी विवरण

| क्र.स. | बाली | जात | बाली कटानी संख्या | बाली कटानी क्षेत्रफल वर्ग मिटर | उत्पादन मे.ट. प्रति हे. | बालि कटानी स्थान (ठेगाना) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | धान | गौरिया, गुडुरे, पोखरेली जेठोबुढो, रमनि, स्थानिय | १० | १० | ३.५९ | बेनि-४, सुर्केमेला, बेनि-६, अर्थुङ्गे, मंगला-५, पिपलबोट, बेनि-५, आवेचौर | |
| २ | कोदो | स्थानिय | ५ | १० | १.३३ | बेनि-३, भक्किम्ली, बेनि-६, अर्थुङ्गे | |
| ३ | सुन्तला | स्थानिय | २४ | ८ वटा नमुना बगैंचा छनौट गरी सबै बगैंचाबाट सबैभन्दा बढी, मध्यम र सबैभन्दा कम गरी ३/३ वटा बोटको बाली कटानी गरेको | ११.२५ | बेनि न.पा., मंगला गा.पा., मालिका गा.पा., रघुगंगा गा.पा. | |
| ४ | तोरी | स्थानिय | ३ | १० | ०.९ | बेनि न.पा. | |
| ५ | आलु | ms-42, स्थानिय, जनकदेव | १०० | १० | १८.६७ | बेनि न.पा., मंगला गा.पा., मालिका गा.पा., रघुगंगा गा.पा., धौलागिरी गा.पा., अन्नपूर्ण गा.पा. | |
| ६ | मकै | हाइब्रिड, मनकामना १, ३ | ३ | १० | ३.१२ | मंगला-२, ताराखेत, बेनी-४, ठुलो खोला, बेनी-३, भकिम्ली | |
| ७ | गहुँ | स्थानिय | ४ | १० | २.३१ | धवलागिरी-६, घण्टिबाङग, बेनी-१, रत्नेचौर, बे.न.पा ९ घतान, बे.न.पा ९ नेप्टेचौर | |

## राजस्व विवरण

| क्र.सं. | कार्यालयको नाम | वार्षिक राजश्व जम्मा (रु.) | कैफियत |
|---|---|---|---|
| १. | कृषि ज्ञान केन्द्र, स्याग्दी | ० | बेरूजु |
| | | २००० | अन्य प्रशासनिक सेवा शुल्क |
| | | ० | सरकारी सम्पतिको बिक्रीबाट प्राप्त रकम |
| जम्मा | | २००० | |

**बेरूजु विवरण**

| क्र.सं. | बेरुजुको किसिम | आ.व.२०७९/८० सम्मको बाँकी बेरुजू रु | आ.व.२०८०/८१ को मात्र जम्मा बेरुजू | जम्मा बेरुजु हालसम्मको | चालु आ.व. २०८१/८२ सम्म मा फर्छ्यौट भएको | चालु आ.व. २०८१/८२ सम्म संपरिक्षण भएको | बाँकी बेरुजु | संपरीक्षण प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | नियमित गर्नु पर्ने | ० | ० | ० | ० | ० | ० | ० |
| २ | असुली गर्नु पर्ने | ५३०२७५ | ० | ५३०२७५ | ११५०० | ११५०० | ५१८७७५ | २.१७ |
| ३ | पेश्की बाँकी | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | ५३०२७५ | ० | ५३०२७५ | ० | ० | ० | २.१७ |

## १२. सुचना अधिकारी र प्रमुखको नाम र पद

**प्रमुख**

नामः सञ्जीव बाँस्तोला

पदः प्रमुख

तहः अधिकृतस्तर नवौ

फोनः ९८५७६२२१४४

इमेलः akcmyagdi@gmail.com

**सुचना अधिकारी**

नामः गंगा लामिछाने

पदः कृषि प्रसार अधिकृत

तहः अधिकृतस्तर सातौं

फोनः ९८५७६२१६३०

इमेलः lamichhaneganga77@gmail.com

## १३. ऐन, नियम, विनियम वा निर्देशिकाको सुची

- प्रदेश निजामति सेवा ऐन, २०७९
- प्रदेश निजामति सेवा नियमावली, २०७९
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र सो सम्बन्धि नियमावली
- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४
- बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यबिधि २०७७
- खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७५
- प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७
- विउ विजन ऐन, २०७९
- जिवनाशक विषादी व्यवस्थापन ऐन, २०७६
- आलु उत्पादन प्रवर्द्धन सम्बन्धि कार्यक्रम संचालन मापदण्ड २०८०
- खाध्यान्न बाली प्रवर्द्धन सम्बन्धिआयोजना तथा कार्यक्रम कार्यान्वयन मापदण्ड २०८०
- फलफूल बाली विकास सम्बन्धिआयोजना कार्यान्वयन मापदण्ड २०८०
- रैथानेबालीप्रवर्द्धन सम्बन्धिआयोजना तथा कार्यक्रम कार्यान्वयन मापदण्ड ०८०
- उन्नत प्रविधि सम्बन्धि कार्यक्रम संचालन कार्यबिधि २०७८
- ग्रामिण पोषण सुरक्षण कार्यक्रम संचालन मापदण्ड २०७८
- अन्य प्रचलित नियम कानुन, निर्देशिका, कार्यविधि तथा मापदण्डहरु।

## १४. आ.व २०८१/८२ मा विनियोजित बजेट

| कृषिज्ञान केन्द्र, म्यागदीको कुल विनियोजित बजेट (रु. हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | बजेट विवरण | | प्रदेश जम्मा | कृषि विभाग | PMAMP | जम्मा |
| १ | चौथो त्रैमासिक | पुँजीगत | ० | ० | ० | ० |
| | | चालु | ६१९९ | ० | ० | १४१५० |
| | | जम्मा | ६१९९ | ० | ० | १४१५० |
| २ | वार्षिक | पुँजीगत | ५०० | ० | ० | ५०० |
| | | चालु | ४८१५२ | ३५ | ० | ४८१८७ |
| | | जम्मा | ४८६५२ | ३५ | ० | ४८६८७ |

## १५. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

| चौथो त्रैमासिकसम्मको प्रगति विवरण (प्रदेश)(बजेट रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|
| बजेट | | विनियोजन | खर्च | वित्तीय प्रगति% | भारित प्रगति % |
| चौथो त्रैमासिक | पुँजीगत | ० | ० | - | - |
| | चालु | ६१९९ | ४६७२.३१ | ७५.३७ | ८३.३५ |
| | जम्मा | ६१९९ | ४६७२.३१ | ७५.३७ | ८३.३५ |
| हालसम्मको प्रगति | पुँजीगत | ५०० | ३९९.४४ | ८० | ८० |
| | चालु | ४८१५२ | ३५२४३.४५ | ७३.१९ | ९२.०९ |
| | जम्मा | ४८६५२ | ३५६४२.८९ | ७३.२३ | ९१.९६ |

| चौथो त्रैमासिकसम्मको प्रगति विवरण (संघ, PMAMP सहित)(बजेट रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|
| बजेट | | विनियोजन | खर्च | वित्तीय प्रगति% | भारित प्रगति % |
| चौथो त्रैमासिक | पुँजीगत | ० | ० | ० | ० |
| | चालु | ० | ० | ० | ० |
| | जम्मा | ० | ० | ० | ० |
| हालसम्मको प्रगति | पुँजीगत | ० | ० | ० | ० |
| | चालु | ३५ | ० | ० | ० |
| | जम्मा | ३५ | ० | ० | ० |

## कृषि ज्ञान केन्द्र, म्यागदीको समग्र प्रगति विवरण

| स्रोत | पुँजीगत | | | चालु | | | जम्मा | | | भारित प्रगति % |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | खर्च% | बजेट | खर्च | खर्च% | बजेट | खर्च | वित्तीय प्रगति% | |
| प्रदेश | ५०० | ३९९.४४ | ८० | ४८१५२ | ३५२४३.४५ | ७३.१९ | ४८६५२ | ३५६४२.८९ | ७३.२६ | ९१.९६ |
| विशेष (मकै मात्र) | ० | ० | ० | २१८० | ३९८.५ | १८.२८ | २१८० | ३९८.५ | १८.२८ | ४७ |
| PMAMP | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| DOA | ० | ० | ० | ३५ | ० | ० | ३५ | ० | ० | ० |
| जम्मा | ५०० | ३९९.४४ | ८० | ४८१८७ | ३५२४३.४५ | ७३.१३ | ४८६८७ | ३५६४२.८९ | ७३.२ | ९१.९२ |

## कृषि ज्ञान केन्द्र, म्यागदीको प्रगति सारांश

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | वार्षिक आयोजना/कार्यक्रमहरूको जम्मा सङ्ख्याः | ६८ | १०० |
| २ | प्रगति विवरण प्राप्त भएका कार्यक्रमहरूको सङ्ख्याः | ५९ | ८६.७६ |
| २.१ | ८० प्रतिशत वा सोभन्दा माथि प्रगति हासिल गरेका आयोजना/कार्यक्रमहरुको सङ्ख्याः | ५५ | ९३.२२ |
| २.२ | ५० देखि ७९.९९ प्रतिशतसम्म प्रगति हासिल गरेका आयोजना/कार्यक्रमहरुको सङ्ख्याः | ३ | ५.०८ |
| २.३ | ५० भन्दा कम प्रगति हासिल गरेका आयोजना/कार्यक्रमहरुको सङ्ख्याः | १ | १.६९ |
| ३ | यस अवधिमा काम सुरु नभएका कार्यक्रमहरूको संख्या | ९ | १३.२३ |

**१६. तोकिए बमोजिमको अन्य विवरण**

**१७.सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, अनुदान, एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धीत विवरण**

कुनै किसिमको वैदेशिक सहायता, अनुदान प्राप्त नभएको ।

**१८. सार्वजनिक  निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण**

मौखिक फोन मार्फतबाट सूचना माग भएकोलाई सूचना प्रदान गरिएको । लिखित रुपमा सूचना माग नभएको।

**१९. सार्वजनिक निकायमा सूचनाहरु अन्यत्र प्रकाशन भएको भए सो को विवरण**

वेभसाइटः https://myagdi.akc.gov.np
Email : akcmyagdi@gmail.com
Facebook page: कृषि ज्ञान केन्द्र,म्याग्दी
फोन नः ०६९५२०१३०, ०६९५२०६३०